सम्बन्धित कानून :-

- बोक्सीको आरोप (कसुर तथा सजाय) ऐन २०७२
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६, जस्ता छुट्टै कानूनको व्यवस्था भएको छ ।
- छाउपडी प्रथा उन्मुलन निर्देशिका जारी भएको छ ।
- लैङ्गिक विभेदी ऐनहरु संसोधन गरी लैङ्गिक समानताको प्रयास भएको छ
- नेपालको संविधानमा समानताको हक, महिलाको हक, लैङ्गिक विभेद विरुद्ध कानुनी व्यवस्थाका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग आदि जस्ता संरचनागत व्यवस्था गरिएको छ ।

कानूनी सहायता :-

न्यायमा पहुँच पुग्नबाट असमर्थ त्यस्ता व्यक्तिहरूलाई राज्यले निशुल्क कानूनी सहायता सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।


- कानूनी सहायता सम्बन्धी ऐन, २०५४ ले आर्थिक रूपले विपन्न वर्गलाई यो सेवा उपलब्ध गराउने व्यवस्था गरेको थियो।
- न्यायमा पहुँच हुन नसक्नुमा आर्थिक अवस्था मात्र कारक तत्व होइन भन्ने कुराको ठहर भैसकेको छ। " लैंगिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२" ले घरेलु हिंसा तथा लैंगिक हिंसा बाट पीडित व्यक्तिलाई पनि निशुल्क कानूनी सहायता सेवा उपलब्ध गराउने व्यवस्था गरेको छ ।
- निशुल्क कानूनी सहायता सेवा प्राप्त गर्नको लागि जिल्ला कानूनी सहायता समितिमा दरखास्त दिनु पर्दछ ।

कानूनी सहायता :-


- कानूनी सहायता प्राप्त गर्न चाहने व्यक्ति स्वयं दरखास्त फाराम भर्न नजान्ने वा समितिको कार्यालयमा आई दरखास्त फाराम भर्न नसक्ने अवस्थामा रहेछ भने निजले पत्याएको अन्य व्यक्तिले समितिमा दरखास्त दिन सक्ने व्यवस्था गरिएको छ ।

यसरी घरेलू हिंसा तथा लैंगिक हिंसा बाट पीडित व्यक्ति जो कोहीले तथा वार्षिक आम्दानी रु. चालीस हजारभन्दा कम भएका वा द्वन्द पिडित महिलाले निशुल्क कानूनी सहायता सेवा प्राप्त गरी लाभ लिन सक्छन् ।


नेपालको १० बर्षको घरेलु र लैंगिक हिंसा सँग सम्बन्धीत कसुर दर्ता :-




त्रिबर्षिय प्रदेशगत लैंगिक हिंसा:-




आ.व. ०७९-८० मा घरेलु हिंसा सहित लैङ्गिक हिंसा उच्च मुद्दा दर्ता भएका १० जिल्लाहरू



आ.व. ०७९-८० मा घरेलु हिंसा सहित लैङ्गिक हिंसा न्यून मुद्दा दर्ता भएका ५ जिल्लाहरू




प्रदेशगत आ.ब.२०७७।०७८ देखि २०७९।०८० सम्मको लैंगिक हिंसा एकमुष्ठ :-




- सबै भन्दा बढी मधेश प्रदशमा १३,६७६ वटा लैंगिक हिंसा भएको।
- सबै भन्दा कम कर्णाली प्रदेशमा ३०४४ वटा भएको पाइयो।
- बागमती प्रदेश ४ औ स्थानमा रहेको पाईयो।

बागमती प्रदेशको २०७७।०७८ देखी २०७९।०८० सम्मको लैंगिक हिंसा:-




- सबै भन्दा बढी चितवनमा ८०० वटा लैंगिक हिंसा भएको।
- सबै भन्दा कम रसुवा २७ वटा भएको पाइयो।

बागमती प्रदेशको चालु आ.ब. २०८०।०८१ को लैंगिक हिंसा:-




- सबै भन्दा बढी चितवनमा ८१ वटा लैंगिक हिंसा भएको।
- सबै भन्दा कम रसुवा २ वटा भएको पाइयो।

बागमती प्रदेशको २०७७।०७८ देखी २०७९।०८० सम्मको घरेलु हिंसा:-




- सबै भन्दा बढी मकवानपुरमा ११४६ वटा घरेलु हिंसा भएको।
- सबै भन्दा कम रसुवा ५ वटा भएको पाइयो।

बागमती प्रदेशको चालु आ.ब. २०८०।०८१ को घरेलु हिंसा:-



- सबै भन्दा बढी चितवनमा १६७ वटा लैंगिक हिंसा भएको।
- सबै भन्दा कम रसुवा १ वटा भएको पाइयो।

बागमती प्रदेशको तुलनात्मक लैंगिक र घरेलु हिंसा:-



- आ.ब.२०७७।०७८ मा भन्दा २०७८।०७९ मा १६.३६% ले बढेको
- आ.ब.२०७८।०७९ मा भन्दा २०७९।०८० मा २.४०% ले घटेको


बागमती प्रदेशको तुलनात्मक लैंगिक र घरेलु हिंसा:-

क्र.स.	जिल्ला	२०७७।०७८	२०७८।०७९	२०७९।०८०	तिन आ.व.को तुलना %	२०८०।०८१
१	चितवन	३६९	६८३	७३९	९३% बढेको	२४८
२	मकवानपुर	४४६	५६८	६०३	३४%बढेको	१५७
३	सिन्धुली	१६७	२२५	२०६	२६%बढेको	५३
४	धादिङ	१४९	१८४	१७१	१६%बढेको	६०
५	काभ्रे	२९३	३६८	२९८	७%बढेको	१२२
६	रामेछाप	९३	९३	८१	१३% घटेको	१७
७	सि.पा.	२१०	१८०	१७७	१६%घटेको	५१
८	दोलखा	१३२	९१	९८	२३%घटेको	२६
९	नुवाकोट	३४१	१७७	१४७	६५%घटेको	४९
१०	रसुवा	१९	१३	०	१३२%घटेको	३
जम्मा		२२१९	२५८२	२५२०	१४%	७८६

बागमती प्रहरीबाट भएका कार्यहरु:-

- प्रत्येक बर्ष मंसिर ०९ गते देखि २४ गते सम्म बिभिन्न कार्यक्रमहरु गरी लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान सफलतापूर्व सम्पन्न गरिदै आएको ।

आ.ब.२०७९।०८० मा १६ दिने अभियान भएका कार्यक्रम संख्या



बागमती प्रहरीबाट भएका कार्यहरु:-

- लैंगिक हिंसा नियन्त्रण सञ्जाल गठन तथा कार्य सञ्चालन विधी २०७८ वमोजिम बागमती प्रदेशका १० वटै जिल्लाहरुमा जिल्लास्तरिय-१०, महानगरपालिकास्तरिय-१, नगरपालिकास्तिरय-२५, गाउपालिकास्तरिय-६१, वडास्तिरय-७७५ गरी जम्मा ८७२ वटा लैंगिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन गरिएको।
- बागमती प्रदेशका १० वटा जिल्लाहरुमा सामुदायिक प्रहरी मार्फत लैंगिक, घरेलु हिंसा सँग सम्बन्धित जनचेतनामूलक कार्यक्रमहरु दैनिक रुपमा सञ्चालन गरिदै आएको

बागमती प्रहरीबाट भएका कार्यहरु:-

- मातहतका १० वटा जिल्लाहरुमा लैंगिक तथा घरेलु हिंसा सँग सम्बन्धित अपराधको अनुसन्धान गर्नका लागि अपराध अनुसन्धान शाखा र महिला तथा बालवालिका सेवा केन्द्रको स्थापना गरी तालिम प्राप्त जनशक्ति परिचालन गरिएको
- प्रहरी कर्मचारीहरुलाई मानव वेचविखन, महिला हिंसा, घरेलु हिंसा, लैंगिक हिंसा, मानव अधिकार उलङ्घन लगायतका बिषयमा तालिमको लागि तालिम प्रदायक निकाय सँग समन्वय गरी तालिम प्रदान गरिदै आएको।

बागमती प्रहरीबाट भएका कार्यहरु:-


- लैङ्गिक हिंसा विरुद्ध एकिकृत सेवा दिन जिल्ला अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिएको छ।

  जसले लैगिंक हिंसाका पिडितलाई आश्रय दिने, घाइते भए उपचार गर्ने, सामाजिक मनोविमर्श दिने, कानूनी सल्लाह उपलब्ध गराउने र पूर्नस्थापनाको लागि पहल गर्ने कार्य गरिरहेको। (१६१६ जनालाई सेवा दिईएको)

- स्थानिय स्तरमा सचेतना अभिबृद्धी गर्ने कार्य गरिदै आएको

- लैंगिक हिंसा र घरेलु हिंसामा संलग्न पिडकलाई नियन्त्रण/पक्राउ गरी कानुनी दायरामा ल्याउने गरिएको।

चुनौतीहरु :-


समाज/समुदाय
सेवा प्रदायक
समन्वय
सेवा/सहयोग सिफारिस प्रणाली
तथ्याङ्क
योजना र कार्यक्रम तादम्यता
सूचना र सशक्तिकरण रहित आधुनिकीकरण
उजुरी नगर्नु
आर्थिक/सामाजिक परनिर्भरता
हिंसा स्वीकार्य र सामान्य
परिवार/ नजिकका व्यक्तिबाट हुने हिंसा
लैंगिक असमानता
लैंगिक संवेदनशील सेवा, कार्यक्रमहरु, Resources
सेवा प्रदायक लैंगिक पूर्वाग्रही धारणा व्यवहार (Unconscious Bias)
लैङ्गिक मैत्री वातावरण

अपेक्षा:-

- प्रहरी द्वारा सञ्चालित कार्यक्रमहरुमा सक्रिय सहभागिता
- समन्वय र सहकार्य
- पिडितलाई परामर्श र सहयोग प्रदान
- पिडतको उद्दार तथा पुनस्थापनामा सहयोग
- अन्य

हाल सञ्चालन भई रहेको १६ दिने लैंगिक हिंसा बिरुद्धको अभियानको फोटोहरु:-





हाल सञ्चालन भई रहेको १६ दिने लैंगिक हिंसा बिरुद्धको अभियानको फोटोहरु:-





हाल सञ्चालन भई रहेको १६ दिने लैंगिक हिंसा बिरुद्धको अभियानको फोटोहरु:-



